# कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित
# हिमालयन हाईड्रोपावर लिमिटेड

भावना मार्ग,वडा नं.१०, बुद्धनगर, काठमाण्डौं, नेपाल ।
फोन नं :०१-४७९६६४१ वेभसाइट : www.hhpl.com.np
इमेल: himalayanhydro2021@gmail.com,

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## विवरण-पत्र

कम्पनीको विद्यमान जारी पूँजी रु.१,०९,५०,००,०००।- (अक्षरेपी एक अर्ब नौ करोड पचास लाख मात्र) को ८.२२% अर्थात रु.९,००,००,०००।- (अक्षरेपी नौ करोड मात्र) बराबरको प्रति कित्ता अंकित मुल्य रु.१००।- दरको ९,००,००० कित्ता साधारण शेयर कास्की जिल्लाको आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरिएकोमा रु.२,८१,७५,०००।- (अक्षरेपी दुई करोड एकासी लाख पचहत्तर हजार) बराबर २,८१,७५० कित्ता शेयर मात्र बाँडफाँट भई ६,१८,२५० कित्ता शेयर बाँकी रहेकोले सर्वसाधारणमा निष्काशन गरिने १३,५०,००० कित्ता शेयरमा उक्त ६,१८,२५० कित्ता शेयर थप गरी जम्मा १९,६८,२५० कित्ता शेयर मध्ये ५% अर्थात ९८,४१३ कित्ता शेयर सामुहिक लगानी कोषको लागि सुरक्षित गरिएको र २% अर्थात ३९,३६५ कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्याई बाँकि १८,३०,४७२ कित्ता साधारण शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिएको छ ।

**कम्पनीको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरण अनुसार प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ तथा खुद नाफा (नोक्सान) देहाय बमोजिम रहेको छ :**

| विवरण | वास्तविक | | | आ. व. २०७८/०७९ को तेस्रो त्रैमासको अपरिष्कृत वित्तीय विवरण * | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ. व. २०७५/०७६ | आ. व. २०७६/०७७ | आ. व. २०७७/०७८ | | आ. व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ |
| प्रतिशेयर आम्दानी(EPS) | (१.७३) | (१.०२) | (१५.१२) | (८.३७) | ४.२३ | ६.२९ | ७.५७ |
| प्रतिशेयर नेटवर्थ (रु.) | ८६.६२ | ८८.९८ | ७६.३३ | ६७.९६ | ८७.३० | ९३.५९ | १०१.१६ |
| खुदनाफा/(नोक्सानी) रु. हजारमा | (८,७२३) | (६,८८०) | (१,३१,५४४) | (७२,८०५) | ४६,२८१ | ६८,९२७ | ८२,८४४ |

**नोट:** *व्यवस्थापन तथा लेखापरिक्षकबाट प्रमाणित वित्तीय विवरणको आधारमा

### प्रति मेगावाट लागत सम्बन्धी विवरण :

कम्पनीको निर्माण अवधिको कूल ब्याज (IDC-Interest During Construction) सहित प्रति मेगावाट लागत **रु.२२,०३,००,२४६/–**(अक्षरेपी बाइस करोड तिन लाख दुईसय छयालिस मात्र रहेको छ ।

### विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :

विद्युत उत्पादन अनुमति बहाल रहने अवधि मिति २०७९/०१/१० देखि मिति २१०४/०९/१० सम्म जम्मा **२५ वर्ष ८ महिना** रहेको छ ।

### लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :

साधारण लगानी फिर्ता हुने अवधि(Pay Back Period) **९.९४ वर्ष** र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि(Discounted Pay Back Period) **१७.०७ वर्ष** रहेको छ ।

### जलविद्युत आयोजनाको कूल लागत

आयोजनाको निर्माण कार्य मिति २०७७/०६/१२ गते सम्पन्न भएको र जलविद्युत आयोजनाको कूल लागत **रु.२,६४,३६,०२,९४८/–**(अक्षरेपी दुई अर्ब चौंसट्ठी करोड छतिस लाख दुई हजार नौसय अठचालिस मात्र) रहेको छ ।

### दरखास्त साथ प्रति साधारण शेयर रु. १००/–का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्‌घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मुल्यले सूचिकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८.** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### नियमन निकायको जवाफदेहीता नरहने उद्‌घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्कासनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता निष्कासनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

### इस्युर रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई **“[ICRANP-IR] B+ (pronounced ICRA NP Issuer Rating B Plus)”**प्रमाणपत्र प्राप्त गरेको छ । **“[ICRANP-IR] B +[1]”**ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम रहेको (**high risk of default regardibg timely servicing of financial obligations**) भन्ने बुझिन्छ । ईक्रा नेपाल लि.ले **ICRANP-IR AAA** देखि **ICRANP-IR D** सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग **“ICRANP-IR AAA”**ले **Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation** जनाउँछ भन्ने **“ICRANP-IR D”** ले Default or are Expected to be in Default soon भन्ने जनाउँछ ।

इस्युर रेटिङ्ग प्रदान गरेको मिति : २०७८/१२/१७ (तदनुसार मार्च ३१, २०२२) बहाल रहने अवधि २०७९/१२/१४ (तदनुसार मार्च २८, २०२३)

यस विवरण-पत्र मार्फत कास्की जिल्लाको आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्री वितरण गरिने शेयर सर्बसाधारणको लागि निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

**विद्युत नियमन आयोगको पूर्व स्वीकृति सम्बन्धी विवरण : यस निष्काशनलाई विद्युत नियमन आयोगको प.सं. ०७६/७७ च.नं. ११५ मिति २०७६/०६/३० गतेको पत्रबाट पूर्व स्वीकृति प्राप्त भएको छ ।**

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृत भएको मिति: २०७९/०१/०४
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: २०७९/०१/१४
निष्कासन खुल्ला हुने मिति: २०७९/०३/१५
निष्कासन बन्द हुने मिति (छिटोमा): २०७९/०३/१९
निष्कासन बन्द हुने मिति (ढिलोमा): २०७९/०३/२९

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

Global IME Capital Limited

ग्लोबल आइएमई क्यापील लिमिटेड
वडा नं. १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौं ।
फोन: ४५४५६४९, ४५४५६५० फ्याक्स नं. ४५४५७०२
Email: info@gicl.com.np; Web: www globalimecapital.com

**ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषाः**

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्छ ।

ख) **"धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक"** भन्नाले ग्लोबल आइएमई क्यापीटल लिमिटेड, वडा नं.२, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौलाई सम्झनु पर्छ ।

ग) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको साधारण शेयर जनाउँछ ।

घ) **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्कासनकर्ता कम्पनी हिमालयन हाईड्रोपावर लिमिटेड, वडा नं. १०, बुद्धनगर, काठमाण्डौलाई सम्झनु पर्छ ।

ङ ) **"आयोजना"** भन्नाले कम्पनीद्वारा निर्मित ११.८८ मेगावाट नामार्जुन मादी जलविद्युत आयोजना जनाउँछ ।

च) **"संस्थापक संगठित संस्था"** भन्नाले हिमालयन हाइड्रोपावर लि. मा संस्थापक शेयर धारण गर्ने संस्थाहरु सम्झनु पर्छ ।

छ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्कासनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्छ ।

ज) **"निष्कासन बैंक"** भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंकलाई सम्झनु पर्छ ।

झ) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत विकास विभाग, विद्युत नियमन आयोगलाई सम्झनु पर्छ ।

ञ) **"संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले हिमालयन हाईड्रोपावर लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्छ ।

ट) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

ठ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय व्यय विवरण, नगद प्रवाह विवरण सम्झनुपर्दछ र सो शब्दले इक्विटिमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँछ ।

**ख.२.विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र दरखास्त साथ रकम बुझाउने स्थान :**

**विवरणपत्र प्राप्त गर्न सकिने स्थान :**

| **क्र.सं.** | **कम्पनीको नाम, ठेगााना** |
|---|---|
| १. | ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौं र Website: www.globalimecapital.com |
| २. | हिमालयन हाईड्रोपावर लिमिटेड, वडा नं. १०, बुद्धनगर, काठमाण्डौ र Website: www.hhpl.com.np |

साथै, निष्कासन तथा बिक्री प्रबन्धकको Website: www.globalimecapital.com, निष्कासनकर्ता कम्पनीको Website: www.hhpl.com.np र नेपाल धितोपत्र बोर्डको Website: www.sebon.gov.np बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट तयार गरिएको सफ्टवेयर "मेरो शेयर" मार्फत आवेदन दिन सकिनेछ ।

**ग.१.धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्कासनकर्ता हिमालयन हाईड्रोपावर लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" र "धितोपत्रदर्ता तथा निष्कासन नियमावली, २०७३" अनुरुपको योग्यतापुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण :**

**ग.२.क.सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्रदर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्कासनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेकाछु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी समुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस हिमालयन हाईड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र,सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्यकुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ

**ग.२.ग.नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण तथा विद्युत विकास विभाग, विद्युत नियमन आयोग आदि) को सार्वजनिक निष्कासन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्कासन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै मिति २०७७/१०/२५ को कम्पनी रजिष्ट्रार कार्यालयको पत्र बमोजिम कम्पनीको आ.ब. २०७६/०७७ को कम्पनी अध्यावधिक भएको समेत जानकारी गराउँदछौं ।

**ग.२.घ.संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
३. सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितो पत्र व्यवसायीको अनुमति पत्र खारेज भएको दशवर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा प्रमुख कार्यकारी हुन अयोग्य रहेका छैनन् ।

**ग.३ संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि**

**(क) संगठित संस्थाको नामः** हिमालयन हाईड्रोपावर लिमिटेड **(Himalayan Hydropower Limited)**

**(ख)कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :**कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग)संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला महानगरपालिका वडा नं.१०, बुद्धनगर, काठमाडौंमा रहेकोछ । सम्बन्धित निकायबाट आवश्यकता अनुसार स्वीकृति लिई अन्य ठाउँमा पनि रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र शाखा कार्यालयहरु खोल्न सकिनेछ ।

**(घ) कारोबार गर्ने मुख्य स्थान (जलविद्युत केन्द्र)** : यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. २ (साविक नामार्जुन गा.वि.स. वडा नं. २) मा रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

१. हिमालयन हाईड्रोपावर लिमिटेडले प्रचलित कानून बमोजिम मिति २०६६ साल मंसीर २२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई मिति २०७४ साल वैशाख २८ गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन, २०६३ अन्तर्गत काम/कारोबार सञ्चालन गर्दै आईरहेको छ ।

२. हाल यस कम्पनीमा ६८३ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिकक्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, कर्मचारी र सर्वसाधारणहरु) मा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७९.४५ प्रतिशत शेयर संस्थापक शेयरधनी तथा २०.५५ प्रतिशत शेयर सर्वसाधारणतर्फ मध्ये ८.२२ प्रतिशत शेयर आयोजना प्रभावित क्षेत्र कास्की जिल्लाका आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरेकोमा २.५७ प्रतिशत शेयर मात्र बिक्री भएकोले बाँकी ५.६५ प्रतिशत शेयर समेत थप गरी जम्मा १७.९८ प्रतिशत शेयर सर्वसाधारण (सामुहिक लगानी कोष र कर्मचारीहरु समेत) मा निष्काशन तथा बिक्री गरी बाँडफाँट गर्ने व्यवस्था रहेकोछ ।

४. यस कम्पनीले कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. २ (तत्कालिन नामार्जुन गा.वि.स.वडा नं. २) स्थित नामार्जुन मादी जलविद्युत आयोजनाबाट ११.८८ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०७५/०९/२३ गते प्राप्त गरेको हो ।

५. कम्पनी र प्राधिकरण बीच मिति २०६६/०५/३० मा नामार्जुन मादी जलविद्युत आयोजना ११.८८ मे.वा. को खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन शुरु गर्नुपर्न (RCOD) मिति २०७१ श्रावण १ गते रहेको थियो । यसको पहिलो संशोधन मिति २०७३/०८/१६ गते सम्पन्न भई RCOD मिति २०७१ माघ १ गते कायम भएको छ । जसमा नेपाल विद्युत प्राधिकरणबाट ६१३ दिन काबुबाहिर परिस्थिति भएकोले घटाईएको छ ।

६. यस नामार्जुन मादी जलविद्युत आयोजना निर्माण सम्पन्न भईसक्दा आयोजनाको कूल लागत रु.२,६४,३६,०२,९४८/– (अक्षरेपी दुई अर्ब चौंसट्ठी करोड छतिस लाख दुई हजार नौसय अठचालिस मात्र) रहेको छ र जसमा प्रति मेगावाट लागत रु.२२,०३,००,२४६/–(अक्षरेपी बाइस करोड तिन लाख दुईसय छयालिस मात्र)रहेको छ । साथै लगानी फिर्ता हुने अवधि (Pay Back Period) ९.९४ वर्ष र Discounted Pay Back Period १७.०७ वर्ष रहेको छ ।

७. कम्पनीले निर्माण गरेको नामार्जुन मादी जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६६ साल भाद्र ३० गते विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ । विद्युतखरिद बिक्री सम्झौता आयोजनाले व्यापारिक उत्पादन शुरु गरेको मिति देखि ३० वर्ष कायम रहनेछ ।

८. आयोजनाको संक्षिप्तप्राविधिकविवरणहरु निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| आयोजना स्थल | : कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. २ (साविक नामार्जुन गा.वि.स. वडा नं. २) |
| प्रसारण लाईन | : लेखनाथ सवस्टेसन |
| श्रोत नदी | : मादी नदी |
| आयोजनाको किसिम | : रन अफ दि रिभर |
| डिजाइन डिस्चार्ज | : २३.७५ घनमीटर प्रति सेकेण्ड |
| उत्पादन हुने इनर्जी | : ६,६३,४२,५७५ किलोवाट घण्टा विद्युतशक्ति |

| | |
|---|---|
| आयोजनाको उत्पादनक्षमता | : ११.८८ मेगावाट |
| ग्रस हेड | : ६३.० मिटर |
| डाइभर्सन बाँध | : लम्बाई ४४ मिटर, नदीको धरातलबाट ७मिटर उचाईमा |
| सेटलिङ वेसिन | : ११० मिटर लम्बाई X११० मिटर चौडाई X ९.५ मिटर उचाई |
| पेनस्टक | : लम्बाई १४४ मिटर, व्यास २.९ मिटर १२ देखि १८ मि.मि. मोटाइ भएको |
| स्टील | पेनस्टक पाइप, स्टील पेनस्टक पाइपको बेसप्लेट ६८ मि.मि. मोटाइ |
| पावरहाउस | : लम्बाई २७.३ मिटर, चौडाई २२ मिटर, उचाई १३.३ मिटर |
| टर्वाइन | : ६,२५० किलोवाट क्षमताका२ वटा पेलटन टर्वाइन |
| जेनेरेटर | : ६,००० किलोवाट क्षमताका २ वटा जेनेरेटर |
| टेलरेस | : .४ मिटर × .१८ मिटर साइजको ८५ मिटर लामो |
| विद्युत उत्पादन शुरु भएको मिति (COD) | : २०७७/०६/१२ |
| विद्युत उत्पादन अनुमति प्राप्त मिति | : २०७५/०९/२३ |
| विद्युत उत्पादन अनुमति बहाल रहने मिति | : २१०४/०९/१० |

| | |
|---|---|
| आयोजनाको कूल लागत | **रु. २,६४,३६,०२,९४८/-** |
| आयोजनाको प्रति मेगावाट लागत रकम निर्माण अवधिको ब्याज समेत | **रु. रु.२२,०३,००,२४६/-** |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Project) | **९.९४वर्ष** |
| आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Project) | **१७.०७वर्ष** |
| Net Present Value (NPV) (Project) | **रु.४२,७४,४६,८३७/–** |
| Internal Rate of Return (IRR)(Project) | **१०.०६%** |
| Internal Rate of Return (IRR)(Equity) | **१९.११%** |

NPV तथा IRR गणना गर्दा नगद प्रभाव विधि(Cash Flow Basis) अनुसार गरिएको र IRR गणना गर्ने सम्बन्धमा आयोजनाको नगद प्रभावलाई ८% दरले Discount गरिएको छ । साथै, यस सम्बन्धी वृस्तित विवरण वित्तीय प्रक्षेपण सँगै रहेको छ ।

**आयोजनामा मिति २०७८ जेष्ठ ३१ गते आएको बाढी सम्बन्धी विवरण :**

| | |
|---|---|
| बाढीको कारणबाट आयोजनाको विद्युत उत्पादन बन्द भएको मिति | : २०७८।०२।३१ |
| बाढी पछि मर्मत भई आयोजनाबाट विद्युत उत्पादन पुनः शुचारु भएको मिति | : २०७८।११।१६ |

**बाढीबाट आयोजनामा पुऱ्याएको क्षतिको अनुमानित मुल्याकंन सम्बन्धी विवरण :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | Civil Works | रु.२५ करोड |
| २. | EM Works | रु.२७ करोड ५० लाख |
| ३. | HM Works | रु.७८ लाख |
| ४. | Transmission Line Works | रु.३० लाख |

**बाढीबाट आयोजनाको सम्पत्ति तथा संरचनाको क्षति भएकोमा सो को बीमा र दाबी सम्बन्धी रकमको विवरण :**

यस कम्पनीले एनएलजी इन्स्योरेन्स कम्पनी लि. सँग सम्पति बीमा रु.१ अर्ब ९३ करोड ४० लाख ५४ हजार, मेशिनरी ब्रेकडाउन बीमा रु.३५ करोड ८८ लाख ५१ हजार र Loss of Profit Insurance :रु.२९ करोड ६८ लाख १९ हजार १ सय ५७ बीमा गरिएकोमा मिति २०७८ जेष्ठ ३१ गते आएको बाढीबाट आयोजनाको सम्पत्ति तथा संरचनाको क्षतिका लागि उक्त इन्स्योरेन्ससँग मिति २०७८।०४।१७ मा देहाय बमोजिम बीमा दावी गरेको

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | सम्पति बीमा (Civil Works, HM Works & Transmission Line Works) | रु.२६ करोड ८ लाख |
| २. | मेशिनरी ब्रेकडाउन बीमा (EM Works) | रु.२७ करोड ५० लाख |
| ३. | Loss of Profit Insurance | रु.१८ करोड ५३ लाख |

**नोट :** १. एनएलजी इन्स्योरेन्स कम्पनी लि.लाई मिति २०७८।०४।१७ मा बीमा दावी गरिएकोमा मिति २०७८/०६/०१ मा **रु.३ करोड ५० लाख**, मिति २०७८/०९/०५ मा **रु.२ करोड,** मिति २०७८/०९/१९ मा **रु.१ करोड**, मिति २०७८/१२/११ मा **रु.३ करोड** तथा मिति २०७८/१२/१६ मा **रु.६ करोड ८५ लाख ३२ हजार ५ सय १** गरी जम्मा **रु.१६ करोड ३५ लाख ३२ हजार ५ सय १** प्राप्त भईसकेको छ।

२. Loss of Profit सम्बन्धमा पछिल्लो समयमा इन्स्योरेन्स कम्पनीले माग गरेको आवश्यक कागजात दिई सकिएको र इन्स्योरेन्स कम्पनीको सर्भेयरबाट पनि आवश्यक परिक्षण गरी पठाई सकेको भन्ने जानकारी आएकोले बाकीँ रकम पनि छिटै नै प्राप्त हुने अनुमान गरिएको छ।

३. अन्य विमा वापतको रकम कार्य सम्पादन भए पश्चात बिल भरपाई अनुसार हिसाव मिलान गर्ने क्रममा उक्त बीमा कम्पनीबाट यस कम्पनीलाई उपलब्ध गराउने ।

**वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :**

१. कम्पनीले PPA मा निर्धारण गरिए अनुसार नै विद्युत उत्पादन गर्ने प्रक्षेपण गरिएको छ।

२. विद्युतको बिक्री मुल्य निम्न बमोजिम हुने छ।

| समयावधि | सुख्खायाम (रु.) | बर्षा याम (रु.) |
|---|---|---|
| COD to १२ महिना | ७।०० | ४।०० |
| १३ महिना देखि २४ महिना | ७।२१ | ४।१२ |
| २५ महिना देखि ३६ महिना | ७।४२ | ४।२४ |
| ३७ महिना देखि ४८ महिना | ७।६३ | ४।३६ |
| ४९ महिना देखि ६० महिना | ७।८४ | ४।४८ |
| ६१ महिना देखि ७२ महिना | ८।०५ | ४।६० |
| ७३ महिना देखि ८४ महिना | ८।२६ | ४।७२ |
| ८५ महिना देखि ९६ महिना | ८।४७ | ४।८४ |
| ९६ महिना देखि १०८ महिना | ८।६८ | ४।९६ |
| १०९ महिना देखि बांकि समय सम्म | ८।८९ | ५।०८ |

३. प्रत्यक्ष खर्च (रोयल्टी बाहेक) प्रतिवर्ष ५% का दरले बढ्ने प्रक्षेपण गरिएको छ।

४. प्रशासनिक खर्च (बोनस र अपलेखन खर्च बाहेक) आ.व २०७८/०७९ देखि प्रति वर्ष ५% का दरले बढ्नेछ। विद्युत नियमावली, २०५० अनुसार विद्युत उत्पादन गर्ने कम्पनीले नाफाको २% कर्मचारी बोनस बापत व्यवस्था गर्नुपर्ने भएकाले सोही अनुसार बोनस खर्चको प्रक्षेपण गरिएको छ।

५. सहवित्तीयकरण कर्जा अन्तर्गत लिइएको ऋणको बर्षैपिच्छे साँवा व्याज भुक्तानी गर्दै जाँदा दिर्घकालिन ऋण दीयित्व कम हुँदै जाने प्रक्षेपण गरिएको छ र ऋणको व्याजदर ७.२६ प्रतिशत राखि गणना गरिएको छ।

६. आ.व.२०७८/०७९ मा कम्पनीले प्रति कित्ता अंकित मुल्य रु. १००।- को दरमा २२,५०,००० कित्ताको प्रारम्भिक सार्वजानिक निष्काशन गर्दा रु. २२ करोड ५० लाख प्राप्त हुने र बैंकबाट लिइएको ऋण तथा अन्य तिर्न बाँकि भुक्तानीहरु तिर्ने छ।

७. नेपाल विद्युत प्राधिकरणबाट विद्युत बिक्री बापतको रकम बिल बुझाएको मितिदेखि ४५दिनभित्र भुक्तानी पाउने निश्चित रहको छ।

८. कम्पनीले मौज्दात रेकर्ड नराख्ने तर उपभोग हुने र अन्य सामानहरु खरिद भएकै मितिमा खर्च लेखिने छ।

९. विद्युतको व्यापारिक उत्पादन भएको १५ वर्ष पछि नेपाल सरकारलाई दिने रोयल्टी वृद्धि हुनेछ।

१०. आ.व. २०७८/०७९ मा सार्वजनिक निष्काशन गर्दा लाग्ने खर्च रु.१ करोड अनुमान गरिएको छ।

११. NPV र Discounted Payback Period गणना गर्दा डिस्काउन्टेड दर ८ प्रतिशत राखिएको छ।

१२. मादी नदीमा आएको बाढीले पावरहाउसमा क्षति पुर्‍याएको कारणले विद्युत उत्पादन बन्द भई आम्दानी नभएको तर सोको एनएलजी इन्सुरेन्स कम्पनी लि.सँग बीमा गरिएकोले आषाढ देखि मंसिर सम्म प्राप्त हुने Revenue मा असर नपर्ने अनुमान गरिएको छ। २०७८ फागुन १६ मा विद्युत उत्पादन भएको हुँदा बाँकी अवधीको आयलाई नोक्सानीमा गणना गरिएको छ।

१३. कम्पनीले आ.व. २०७४/०७५ देखि लेखानीति परिवर्तन गरी Nepal Finalcial Reporting Standard अवलम्बन अवलम्बन गरिएको छ।

**संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :**

क. विद्युत खरीदबिक्री सम्बन्धी सम्झौता (PPA) अनुसार विद्युत खरीद मूल्य दर वर्षायामका लागि प्रतिकिलो वाट घण्टा रु.४।०० (चार रुपैया मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) कालागि रु.७.०० (सात रुपैया मात्र) तोकिएको छ।

ख. सम्झौता अनुसार व्यापारिक विद्युत उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) लाई आधार वर्ष मानी त्यसपछिको ९ वर्षसम्म आधार वर्षको ३ प्रतिशतका दरले मुल्य वृद्धि दिने व्यवस्था रहेको छ।

ग. नेपाल विद्युत प्राधिकरणले यस आयोजनाबाट उत्पादित अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।

घ. प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले नामार्जुन मादी जलविद्युत आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्र्याक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरीद बापत वर्षायाममा प्रति कि.वा. घण्टा रु.४.०० (चार रुपैया मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु. ७।०० (सात रुपैया मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) लाई आधार वर्ष मानी त्यस पछिको प्रत्येक आर्थिक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले नौ पटक सम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ।

| आर्थिक वर्ष | सुख्खायाम (पौषदेखि चैत्रसम्म (रु.प्रति युनिट) | वर्षायाम (बैशाखदेखि मार्ग सम्म (रु. प्रति युनिट) |
|---|---|---|
| व्यापारिक उत्पादन शुरु हुने मिति(COD) | ७।०० | ४।०० |
| COD पछिको पहिलो आर्थिक वर्ष | ७।२१ | ४।१२ |
| **COD**पछिको दोश्रो आर्थिक वर्ष | ७।४२ | ४।२४ |
| **COD**पछिको तेश्रो आर्थिक वर्ष | ७।६३ | ४।३६ |
| **COD**पछिको चौथो आर्थिक वर्ष | ७।८४ | ४।४८ |
| **COD**पछिको पाँचौ आर्थिक वर्ष | ८।०५ | ४।६० |
| **COD**पछिको छैठौंआर्थिक वर्ष | ८।२६ | ४।७२ |
| **COD**पछिको सातौं आर्थिक वर्ष | ८।४७ | ४।८४ |
| **COD**पछिको आठौंआर्थिक वर्ष | ८।६८ | ४।९६ |
| **COD**पछिको नवौंआर्थिक वर्षदेखि सम्झौताअवधिसम्म | ८।८९ | ५।०८ |

ख. कम्पनीले विद्युतकेन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित कनेक्सन प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्थाएवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनु पर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ । साथै प्राधिकरणले पनि कम्पनीबाट आपुर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनुपर्ने कार्यहरु सोहि समयभित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन तोकिएको समयमा हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ। यसरी कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाव गरिनेछ :

हर्जाना रकम रु.= ०.०५ X कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुर गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मितिबीचको दिन अन्तरको अवधिको उर्जा X आधार वर्षको खरीद दर । प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्ने पर्ने रकमबाट कट्टा गरी लिन सकिने छ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद बापत भुक्तानी गर्नु पर्ने रकमको पचास प्रतिशतभन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ। प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :**

(क) सिभिल, ईलेक्ट्रीकल तथा मेकानिकल ईन्जिनियरिङ्ग, सम्बन्धी निर्माण कार्य गर्ने साथै प्राविधिक निर्माण कार्यहरु गर्ने साथै प्राविधिक सेवा उपलब्ध गराउने र विभिन्न ईन्जिनियरिङ्ग विषयमा परामर्श सेवा उपलब्ध गराउने कार्य गर्ने ।

(ख) नेपालभरका विभिन्न भागमा रहेका नदी,नाला, तालबाट नीजि क्षेत्रमा जलविद्युत आयोजनहरु निर्माण गरी जलविद्युत उत्पादन गर्ने ।

(ग) विद्युत उर्जाको आवश्यकता अनुसार नेपालमा जलविद्युत बाहेक सौर्य वायु श्रोतबाट पनि नीजि क्षेत्रमा विद्युत उर्जा उत्पादन गरी प्रशारण तथा बिक्री वितरण गर्ने ।

(घ) नेपाल विद्युत प्राधिकरणका विभिन्न आयोजनाहरु विद्युत उर्जा उत्पादक कम्पनीहरुबाट उत्पादित बिजुली लिजमा लिई सर्व सुलभ तरिकाबाट उचित शुल्क लिई सर्वसाधारण जनतालाई बिक्री वितरण गर्ने ।

(ङ) विद्युत सप्लाई एवं विद्युत शक्ति उत्पादनको लागि आवश्यक पर्ने सामानहरु आपुर्ती सम्बन्धी ठेक्का पट्टामा भाग लिने।

(च) विद्युत शक्तिको थोक तथा खुद्राखरिद बिक्री गर्ने ।

(छ) विद्युत शक्तिको लागि आवश्यक पर्ने सामानहरु विदेशबाट आयात गरी माग अनुसार बिक्री वितरण गर्ने साथै इलेक्ट्रीफिकेशन सम्बन्धी कार्य गर्ने ।

(ज) जलविद्युत र वातावरण विकासको क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने, नयाँनयाँ ठाउँहरुको अन्वेषण अध्ययन गरी प्रतिवेदन तयार पार्ने ।

(झ) जलविद्युत तथा अन्य उर्जा शक्ति उत्पादन ट्रान्समिसन सम्बन्धी सर्भे, निरिक्षण जस्ता कार्य गर्ने र आवश्यक ट्रान्समिसन तथा वितरण लाईन निर्माण गर्ने तथा सञ्चालन गर्ने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) : नभएको**

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरुः जलविद्युत आयोजनाको निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने ।

(२) प्रयोग भएको वा गरिने प्रविधि :जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :सो नभएको ।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्रः आयोजनाबाट उत्पादित विद्युत शक्ति राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिने ।

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः सो नभएको ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाःकम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहनेछ ।

(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थितिः नामार्जुन मादी जल विद्युत आयोजनाको उत्पादन क्षमता ११.८८मेगावाट रहेको र उक्त विद्युत राष्ट्रिय विद्युत प्रणालीबाट नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गरिएको ।

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : मादी खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्थाःजलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न भवन, सेड तथा लुब्रिकेन्ट गरी सुरक्षित स्थानमा आवश्यक कम्पाउड पर्खाल लगाई राखिने व्यवस्था गरिएकोछ।

(१०) अनुसन्धान तथा विकास :लागु नहुने ।

(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा, व्यवधानः विगतको १२ महिनाको अवधिमा नेपालमा मात्र नभई संसार भर नै कोभिड १९ को महामारीको असर, यस कम्पनीको निर्माण, उत्पादन तथा सञ्चालनमा समेत असर परेका कारण २०७६ चैत्रमा नै विद्युत उत्पादन हुनु पर्नेमा २०७७ असोज १२ गते उत्पादन गर्न सफल भएको छ। साथै जलविद्युत आयोजनाहरु नदी किनारामा अवस्थित रहनु पर्ने र नदीको प्रवाहले जहिले पनि स्थीर संरचनामा असर पारी रहने हुँदा सोही अनुसार नदीबाट सिर्जित आपत जस्तै बाढी, पहिरोका कारण आवतजावत लगायतको समस्या यस आयोजनालाई पर्न गएको अवस्था छ। त्यसैगरी यस वर्ष निकै वर्षा हुनै भनि मौसमविदले गरेको पुर्वानुमान अनुसार यस कम्पनीको नार्माजुन मादी जल विद्युत आयोजना क्षेत्रमा भयानक बाढी आई आयोजनाको पावर हाउसमा बालुवा भरिएको कारण विद्युत उत्पादन बन्द भई मिति २०७८।११।१६ मा पुनः सञ्चालन भएको छ। मिति २०७८।२।३१ गते आएको बाढीबाट आयोजनाको सम्पत्ति तथा संरचनाको क्षति भई एनएलजी इन्स्योरेन्ससँग मिति २०७८।०४।१७ मा देहाय बमोजिम बीमा दावी गरेको ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | सम्पति बीमा (Civil Works, HM Works & Transmission Line Works) | रु.२६ करोड ८ लाख |
| २. | मेशिनरी ब्रेकडाउन बीमा (EM Works) | रु.२७ करोड ५० लाख |
| ३. | Loss of Profit Insurance | रु.१८ करोड ५३ लाख |

**<u>नोट :</u>** १. एनएलजी इन्स्योरेन्स कम्पनी लि.लाई मिति २०७८।०४।१७ मा बीमा दावी गरिएकोमा मिति २०७८/०६/०१ मा **रु.३ करोड ५० लाख**, मिति २०७८/०९/०५ मा **रु.२ करोड,** मिति २०७८/०९/१९ मा **रु.१ करोड**, मिति २०७८/१२/११ मा **रु.३ करोड** तथा मिति २०७८/१२/१६ मा **रु.६ करोड ८५ लाख ३२ हजार ५ सय १** गरी जम्मा **रु.१६ करोड ३५ लाख ३२ हजार ५ सय १** प्राप्त भईसकेको छ।

२. Loss of Profit सम्बन्धमा पछिल्लो समयमा इन्स्योरेन्स कम्पनीले माग गरेको आवश्यक कागजात दिई सकिएको र इन्स्योरेन्स कम्पनीको सर्भेयरबाट पनि आवश्यक परिक्षण गरी पठाई सकेको भन्ने जानकारी आएकोले बाकीँ रकम पनि छिटै नै प्राप्त हुने अनुमान गरिएको छ।

३. अन्य विमा वापतको रकम कार्य सम्पादन भए पश्चात बिल भरपाई अनुसार हिसाव मिलान गर्ने क्रममा उक्त बीमा कम्पनीबाट यस कम्पनीलाई उपलब्ध गराउने ।

(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :सो नभएको।

(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :नामार्जुन मादी जल विद्युत आयोजनाको कूल विद्युत उत्पादन क्षमता ११.८८ मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गरेको छ। विद्युतको ठूलो परिमाणमा माग भई रहेको हुँदा वर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नरहेको। जल विद्युत आयोजनाको लागी कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता गरी बिक्री गरिने हुँदा नेपाली लगानीकर्ताको लागी यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वाव्यवसायको लागि संगठित संस्थाकुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरणः कम्पनी र नेपाल

विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वाव्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :नामार्जुन मादी जलविद्युत आयोजना ११.८८ मे.वा. का लागि Surya Construction Firm Pvt. Ltd., MHPP India Pvt. Ltd. सँग सम्झौता भएको छ ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथाअन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था:**कम्पनीको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था देहाय बमोजिम रहेको छ ।

| विवरण | परिमाण | रकम (रु.) | रहेको स्थान | अवस्था |
|---|---|---|---|---|
| जग्गा खरिद तथा भाडा | १३६-१२-१-२ | २,७७,७९,६६० | आयोजना स्थल | उल्लेखित सम्पूर्ण सम्पत्तिहरु प्राप्त भई सकेको र हाल चालु अवस्थामा रहेका छन् । |
| क्याम्प हाउस | ५ | ३०६६२६६८ | आयोजना स्थल | |
| कन्स्ट्रक्सन इक्विपमेन्ट | - | - | आयोजना स्थल | |
| मेशिनरी टुल्स एण्ड पार्ट | - | ४,५०,५०० | आयोजना स्थल | |
| सवारी साधन | ४ | १७,२८,८०९ | केन्द्रिय र आयोजना स्थल | |
| अफिस इक्विपमेन्ट | - | ३,५२,३४४ | केन्द्रिय र आयोजना स्थल | |
| फर्निचर | - | ११,९१,५५७ | केन्द्रिय र आयोजना स्थल | |
| अन्य सामाग्री | - | | केन्द्रिय र आयोजना स्थल | |

**(ख) बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्तिहो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने):** आफ्नै सम्पत्ति भएको र लिजमा नलिएको ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण:** आयोजनाको ऋण प्रदायक बैंक तथा वित्तिय सस्थाहरुसंग भएको सम्झौता बमोजिम कम्पनीको स्वामित्वमा भएको जग्गा मध्ये ९८-०-२-० रोपनी (नामार्जुन मादी जलविद्युत आयोजना) जग्गा बैंकमा धितोबन्धक राखिएको छ। साथै इलेक्ट्रोमेकानिकल, हाइड्रोमेकानिकल र सिभिल निर्माण, प्रसारण लाइन सँग सम्बन्धित प्लान्ट, मेशिनरी र पार्टपुर्जाहरु समेत ऋण प्रदायक बैंकमा धितोको रुपमा रहेको छ ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण :**कम्पनीको सम्पत्तिहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :**कम्पनीको सम्पूर्ण सम्पत्तिहरु वास्तविक लागत मूल्यमा मुल्यांकन गरिएको छ ।

**ग.३.ग.भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना रत्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीति :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेकोछ ।

(२) नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने ।

(३) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न कम्पनी प्रतिबद्ध रहेको छ ।

(४) कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाब्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।

साथै, यस कम्पनीले आफ्नो पूँजी तथा दायित्व समेतलाई बिचार गरी आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका अन्य जलविद्युत आयोजना कम्पनीहरुमा लगानी गर्न सकिने छ। यस कार्यका लागि सम्भाव्य आयोजनाहरुको पहिचान गर्ने, त्यस्ता आयोजना कम्पनीहरुको अध्ययन गर्ने र त्यसमा लगानी गर्न उपयुक्त भए नभएको निर्क्योल गर्ने र लगानी गर्न उपयुक्त लागेका आयोजनामा लगानी गर्ने रणनीति अख्तियार गरिने छ। लगानी सम्बन्धी निर्णय गर्दा लगानीको समुचित प्रतिफल प्राप्त गर्ने तर्फ विशेष ध्यान दिने रणनीति अख्तियार गरिनेछ ।

**(ख)प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य:**

देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु आगवै विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका आयोजनसँग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जल विद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित

गर्न सफल हुनेछ । नेपालमा जलविद्युत आयोजनामा लगानीको राम्रो सम्भावना रहेको एवं विद्युतको आन्तरिक खपत तथा छिमेकी राष्ट्रमा विद्युतको व्यापारको संभावना रहेको हुँदा नयाँ विद्युत आयोजनाहरुमा लगानी विस्तार गर्नका लागि कम्पनीको भविष्य राम्रो रहेको छ । नयाँ जल विद्युत आयोजनाको विकास प्रतिस्पर्धा मार्फत गराउने नेपाल सरकारको नीति रहेको हुँदा नयाँ लगानीका लागि जलविद्युत आयोजना प्राप्ती गर्दाका प्रतिस्पर्धा गर्नु पर्ने देखिएको छ ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धीव्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था रहेको छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक समुहबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ४ जना |
| आयोजना प्रभावित क्षेत्रबाट निर्वाचित सञ्चालक | १ जना |
| सर्वसाधारणबाट निर्वाचित सञ्चालक | १ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एकसय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

(**नोट :**आयोजना प्रभावित क्षेत्र र सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व हुने सञ्चालक र स्वतन्त्र सञ्चालक नियुक्त हुन बाँकी रहेकोले हाल संगठित संस्थाको सञ्चालक संख्या ४ रहेको छ ।)

**ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पुँजी:** कम्पनीको अधिकृत पूँजी रु.१,९८,००,००,०००/–(अक्षरेपी एक अर्ब अन्ठानब्बे करोड मात्र) रहेकोछ । सो पूँजीलाई प्रति शेयर अंकित मूल्यरु.१००/–का दरले १,९८,००,००० (अक्षरेपी एक करोड अन्ठानब्बे लाख मात्र)थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पुँजी:** कम्पनीको जारी पूँजी रु.१,०९,५०,००,०००/–(अक्षरेपी एक अर्ब नौ करोड पचास लाख मात्र) रहेको छ । सो पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००/–का दरले १,०९,५०,००० (अक्षरेपी एक करोड नौ लाख पचास हजार मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पुँजी:** कम्पनीको आफ्नो जारी पूँजी मध्ये रु. ८७,००,००,०००/- (अक्षरेपी सतासी करोड मात्र) बराबरको प्रति कित्ता अंकित मुल्य रु. १००/- दरको ८७,००,००० (अक्षरेपी सतासी लाख) थान शेयर कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको र बाँकी २२,५०,००० थान शेयर सार्वजनिक निष्कासनद्वारा आयोजना प्रभावित क्षेत्रका बासिन्दा तथा सर्वसाधारणलाई जारी गर्नेछ । आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि यस विवरणपत्र मार्फत रु.९,००,००,०००/–(अक्षरेपी नौ करोड मात्र) बराबरको शेयर निष्कासन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.९६,००,००,०००/–(अक्षरेपी छ्यानब्बे करोड मात्र) हुनेछ र सर्वसाधारणको लागि छुट्टयाइएको रु.१३,५०,००,०००/–(अक्षरेपी तेह्र करोड पचास लाख मात्र) बराबरको पूरै शेयर निष्काशन भएपछि कम्पनीको चुक्ता पूँजी रु.१,०९,५०,००,०००/–(अक्षरेपी एक अर्ब नौ करोड पचास लाख मात्र) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवतर्न भएको छ :**

| क्र.सं. | विवरण | आ.व. २०७३/०७४ | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|---|---|
| १. | अधिकृत पूँजी | १,९८,००,००,०००/– | १,९८,००,००,०००/– | १,९८,००,००,०००/– | १,९८,००,००,०००/– | १,९८,००,००,०००/– |
| २. | जारी पूँजी | ६०,००,००,०००/– | ६०,००,००,०००/– | ९०,००,००,०००/– | ९०,००,००,०००/– | १,०९,५०,००,०००/– |
| ३. | चुक्ता पूँजी | २०,४३,७६,८००/– | २०,४३,७६,८००/– | ५०,४७,४२,७००/– | ६७,५०,००,०००/– | ८७,००,००,०००/– |

**(ख) निष्कासन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणमा साधारण शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| सि.नं. | विवरण | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी | ८७,००,००० | ८७,००,००,०००/- | ७९.४५% | शतप्रतिशत |
| २. | आयोजना प्रभावित क्षेत्रका बासिन्दा | ९,००,००० | ९,००,००,०००/- | ८.२२% | २.५७% (बिक्री नभएको ५.६५% शेयर सर्वसाधारणमा जारी गरिने) |
| ३. | सर्वसाधारण (कर्मचारी समेत) | १३,५०,००० | १३,५०,००,००० /- | १२.३३% | निष्काशन पश्चात् |
| | जम्मा | **१,०९,५०,०००** | **१,०९,५०,००,०००/-** | **१००%** | |

**(ग) शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्) :** शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

**ग.५.संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता,अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

## आधारभूत शेयरधनीको विवरण :

| सि. नं | नाम, ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) | अनुभव (अन्य क्षेत्र) |
|---|---|---|---|---|---|---|---|---|
| १ | खोम बहादुर के.सी. १०,पोखरा,कास्की | अध्यक्ष | ७१ | नेपाली | १२,७९,१७४ | ईन्टरमेडिएट ईन फरेष्ट्री | पूर्व सञ्चालक मादी पावर प्रा. लि., हाल यस कम्पनीमा अध्यक्ष | –ए क्लास, खोम कइट्रक्सन एण्ड जेनरल फर्म प्रा.लि. अध्यक्ष,<br>–द हिमालय केवलकार प्रा.लि. अध्यक्ष |
| २ | सुधिर यादव ९, सपही धनुषा | शेयरधनी | ४५ | नेपाली | २,४०,३०१ | स्नातक | - | – खड्का ईन्जीनियरिङ प्रा.लि.,सञ्चालक |
| ३ | श्रद्धा रेग्मी, ४ विराटनगर मोरङ | शेयरधनी | ४३ | नेपाली | १,१५,००० | वि.वि.एस. | - | –व्यापार/गृहिणी |
| ४ | देवराज खत्री, ७ मानेभञ्ज्याङ, भोजपुर, | शेयरधनी | ४६ | नेपाली | १,१५,००० | वि.वि.एस. | - | –व्यापार |
| ५ | मिलन के.सी., ५ पोखरा, कास्की | शेयरधनी | ४३ | नेपाली | २,००,००० | एम.ए. | - | –पोखरा मन्टेश्वरी किण्डर होम, सञ्चालक |
| ६ | मोनिका थापा, १२ पोखरा, कास्की | शेयरधनी | ४१ | नेपाली | १,५५,००० | वि.वि.एस. | हाल यस कम्पनीमा सञ्चालक | –पोखरा मन्टेश्वरी किण्डर होम, सञ्चालक<br>–द हिमालय केवलकार प्रा.लि., सञ्चालक, |
| ७ | अभिशेक के.सी., १० पोखरा, कास्की | शेयरधनी | ३२ | नेपाली | २,८३,७७० | आई.कम. | हाल यस कम्पनीमा प्रमुख कार्यकारी अधिकृत | –द हिमालय केवलकार प्रा.लि., सञ्चालक,<br>–काम रेष्टुरेण्ट एण्ड वार प्रा.लि. संस्थापक<br>–टंगाल उड यसोसेट, संस्थापक शेयरधनी, |
| ८ | रामबहादुर (मोची) सार्की, ७ करेन्डाँडा कास्की | शेयरधनी | ५३ | नेपाली | १,३५,००० | एम.एड. | - | –कास्की मोडनाईज एकेडेमी संस्थापक प्रधानाध्यापक |
| ९ | प्रा.डा. भरत बहादुर खत्री, ५ पोखरा कास्की | शेयरधनी | ५३ | नेपाली | ३,२५,००० | MS in Orthopedics 2003 & MBBS 1993, From Tongji Medical College, Huazhong University of Science and Technology, Wuhan, PR of China | - | –पश्चिमाञ्चल क्षेत्रिय अस्पतालमा बि.सं २०५४।४।१६ देखि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवाका स्थायी पद मेडिकल अधिकृत,<br>–कन्सल्टेण्ट अर्थोपेडिक सर्जन मिति २०७६।०४।१ देखि वरिष्ठ कन्सल्टेण्ट अर्थोपेडिक सर्जन<br>–मिति २०७५।०३।१० देखि Professor of orthopedics (प्राध्यापक) |
| | **जम्मा** | **२२,५०,०००** | **२२,५०,००,०००** | **१००.००%** |

(ग) **आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :**
यस कम्पनीबाट कास्की जिल्लाको मादी गाँउपालिका वडा नं. २ (साविक नामार्जुन गा.वि.स.वडा नं. २) स्थित नामार्जुन मादी जलविद्युत आयोजना निर्माण कार्य मिति २०७७ आश्विन १२ गते सम्पन्न भई विद्युत उत्पादन समेत भइसकेको छ तथा कुल लागत रु.२,६४,३६,०२,९४८।- रहेको छ।

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने मिति :**आयोजनाको निर्माण कार्य सम्पन्न मिति २०७७ असोज १२ गते भई पूर्ण व्यावसायिक उत्पादन समेत शुरु भइसकेको छ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सोको मुख्य बूँदाहरुः**

| **विवरण** | | **मूल्य वा प्रस्तावित मूल्य (रु.)** | **सप्लायरको नाम** | **सप्लायरसंगको सम्झौताको मुख्यबुँदा** |
|---|---|---|---|---|
| सिभिल निर्माण | नामार्जुन मादी जलविद्युत आयोजना | १,३३,६६,२२,५९२/– | Surya Construction Firm Pvt. Ltd.,Surkhet | Civil Works and Construction as per Design with Material. |
| इलेक्ट्रोमेकानिकल | | ३३,६३,१५,०००/– | Mecamedi HHPL, India | Design, Supply, Installation and Testing |
| हाइड्रोमेकानिकल | | ७,८३,४२,९३८/– | Himshree KC Group of PSA Pvt. Ltd., Pokahra | Design, Supply, Installation and Testing |
| ट्रान्समिसन लाईन | | २,१५,००,०००/– | Shilu Metal Industry Pvt. Ltd., Hetauda | Design, Supply, Installation and Testing |

(च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नामठेगाना सम्बन्धी विस्तृत विवरण :**सो नभएको।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृती, प्रयोगकर्ता, प्रतिस्पर्धा,लक्षित समूह, उत्पादनक्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धीविवरण:** कम्पनीको उत्पादन जलविद्युत हो, सो को प्रयोगकर्ता नेपालका देशबासीहरु रहेका छन्, साना जलविद्युतको क्षेत्रमा धेरै कम मात्रामा प्रतिस्पर्धा रहेको छ र कम्पनीको विद्युत उत्पादन क्षमता ११.८८ मेगावाट रहेको छ।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :**कास्की जिल्ला भई बग्ने मादी नदीको पानी।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोतः**कास्की जिल्ला भई बग्ने मादी नदीको पानी।

(ञ) **सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्कासन तथा विक्री प्रवन्धक – रु.१०,००,०००/–
(आ) ट्रष्टी (डिवेन्चर निष्कासनको हकमा) – निष्कासन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।
(ई) प्रत्याभूतिकर्ता शुल्क – रु.३९,३७,५००/–
(इ) विज्ञहरुको पारिश्रमिक वा सेवाशुल्क – नभएको ।
(उ) लेखापरीक्षकको शुल्क – प्रक्षेपित वित्तिय विवरण प्रमाणित गरे वापत रु.१,५०,०००/– भुक्तानी गरिएको ।
(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्कासन बैंक आदि)– नभएको ।

**ग.१०.ग. सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत् सम्बन्धी विवरण:** सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :** शेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

**ग.१०.ङ धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण:**

(क) **अत्याधिक माग वा न्यूनमाग भएको अवस्थामा बाँडफाँटको प्रक्रिया :**यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डबाट जारी धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ३० को अधिनमा रही शेयर बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँट गर्दा सर्बप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँट गरिनेछ ।
२. बुँदा नं. (१) बमोजिम बाँडफाँट गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवदेन गर्ने आवेदकहरुलाई पुन: दश कित्ताको दरले बाँडफाँट गरिनेछ ।
३. बुँदा न. (२) बमोजिम शेयर बाँडफाँटको प्रक्रिया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोही प्रक्रिया अपनाइ बाँडफाँट गरिनेछ ।
४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरिनेछ ।
५. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिका सम्बन्धमा बोर्डको सहमति लिइनेछ ।
६. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलिपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ ।साथै न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्यभूतीकर्ताहरु बीच भएको प्रत्याभूत सम्बन्धी सम्झौतापत्र अनुसार दामासाहीले बाँडफाँट गरिनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:** शेयर बिक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समय भित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँट पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट–पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २९ को उपदफा ३ मा भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्कासनमा धितोपत्र खरिद (सार्वजिनक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ ।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधी:** निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र निजहरुको हितग्राही खातामा अभौतिक रुपमा जम्मा गर्ने व्यवस्था गरिनेछ र सर्वसाधारणहरको लागि निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात् धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६८ को नियम २३ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :**सो नभएको ।

(च) **धितोपत्र सूचिकरण भै नसकेको भए, संगठित संस्थाले निष्कासन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** :निष्कासन गरिने साधारण शेयरको बाँडफाँट पश्चात धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्कासन गरिने धितोपत्र तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्कासन गरिएको साधारण शेयर सूचिकरण गराई शेयर खरिद विक्रीको व्यवस्था मिलाइने छ ।

**ग.१०.च प्रत्याभूती सम्बन्धी विवरण :**

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः**

| क्र. स. | प्रत्याभूतीकर्ताको नाम | प्रत्याभूत गरिने शेयर संख्या | प्रत्याभूत गरिएको शेयर रकम (रु.) |
|---|---|---|---|
| १. | सिभिल क्यापिटल मार्केट लिमिटेड | ८,००,००० | ८,००,००,००० |
| २. | सेन्चुरी क्यापिटल मार्केट्स लिमिटेड | १४,५०,००० | १४,५०,००,००० |
| | **जम्मा** | **२२,५०,०००** | **२२,५०,००,०००** |

**नोट** :प्रत्याभूति सम्बन्धी सम्झौताको म्याद मिति २०७९/०१/०२ गते बाट ६ महिना सम्म म्याद थप गरिएको छ ।

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

१) प्रत्याभूतिकर्ताहरुले सम्झौतापत्रमा मञ्जुर गरे बमोजिम शेयरहरुको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।
२) प्रत्याभूतिकर्तालाई रु.१००/– अंकित दरको सम्झौता पत्रमा मञ्जुर गरे बराबरको साधारण शेयरको प्रत्याभूति सेवा प्रदान गरे बापत कम्पनीले कुल प्रत्याभूत गरिएको रकमको १.७५ प्रतिशतका दरले सेवा शुल्क प्रदान गर्नेछ ।
३) यदि शेयर पूर्ण वा आंशिक रुपमा बिक्री नभई द्बितीय पक्षले प्रत्याभूति गरेको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा प्रथम पक्षले रकम माग गरेको बखत शेयर खरिद गरि भुक्तानी दिनु पर्नेछ ।
४) प्रथम पक्षको शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवदेन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः पूरा हुनेछ ।
५) प्रत्याभूति गरेको शेयर बिक्री नभई ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्याभूतिकर्तालाई समेत साधारण शेयरधनी सरह शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ ।
६) यस सम्झौताको कार्यान्वयन मुलुकी देवानी संहिता ऐन, २०७४ बमोजिम हुनेछ ।

**ग.१०.छ आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

(क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रक्रिया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्कासन गरिने साधारण शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रक्रिया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

(ख) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं.१०, बुद्धनगर, काठमाडौं वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेडको कार्यालय, नक्साल, काठमाण्डौंमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर अंकित मूल्य रु.१००।–का दरले हुन आउने एकमुष्ट रकम यस निष्कासनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर संलग्न गरी दरखास्त दिनुपर्नेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले न्युनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखस्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा कास्की जिल्लाको आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि अधिकतम १,००,००० (एक लाख) कित्ता र सर्वसाधारणको लागि अधिकतम १,००० (एक हजार) कित्ता शेयर खरिद गर्नका लगि दरखास्त दिनु पर्नेछ । रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा रु.५ लाखभन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान **(PAN No.)** नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।

(ग) **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

सर्वसाधारणले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम आवेदन दिन सक्नेछन् ।

१. धितोपत्र खरिद गर्नका लागि दस्तखत दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशनमा Centralized Application for ASBA Based Issuance (C-ASBA) प्रणाली मार्फत आवेदन संकलन गर्न आबद्ध (ASBA) सेवामा सहभागी बैंक तथा वित्तिय संस्था तथा तीनका शाखा कार्यालयहरुबाट आवेदनदिन सक्नेछन् ।

२. (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तिय संस्थाहरुले उपरोक्त बमोजिम बुझिलिएको फारम तोकिएको समयवधिभित्र (C-ASBA) प्रणालीमा प्रबृष्टि गर्नुपर्नेछ ।

**(ग)** आवेदन दिने सम्बन्धमा अन्य शर्त तथा जानकारीहरु

१. एक व्यक्ति तथा संस्थाले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनुपर्नेछ । एकै व्यक्ति वा संस्थाले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सवै आवेदनलाई रद्द गरिनेछ ।

२. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुन:आवेदन दिन पाउने छैनन् ।

३. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वच्छिक रुपमा र रु ५ लाखभन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।

४. सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरिदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्तदिन सक्नेछ । तोकिएको अवधिभित्र बिक्री नभएमा सङ्गठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्नसक्नेछ ।

**ग.११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति : कारोबार नभएको ।

(ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वाविवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भएउक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

**ग.१२. <u>विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :</u>**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालनहुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापन नरहेको ।

**ग.१३. <u>सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्कासन गर्ने भएमा सो को विवरण :</u>**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:**निष्कासन कर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमाउच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुलदिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको

**ग.१४ <u>पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :</u>**

**संगठित संस्थाले यसभन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** हालसम्म कुनै सार्वजनिक निष्कासन नगरिएको ।

**ग.१५. परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण:**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्कासन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) यस कम्पनीको लेखापरिक्षकमा आ.व. २०७७/०७८ को लागि राजु बस्नेत एण्ड एसोसिएट चार्टड एकाउन्टेण्टस्लाई नियुक्त गरिएको छ । आगामी साधारण सभाबाट आ.व. २०७८/०७९ को लागी लेखापरीक्षक नियुक्त हुनेछ ।

आ)यस निष्कासनको लागि प्रमुख बैंकको व्यबस्था गरिएको छैन ।

इ) यस निष्कासनको लागि देहायका बैंकलाई निष्कासन बैंक **(Banker to the Issue)**को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | श्री ग्लोवल आइएमई बैंक लिमिटेड, कमलादी, काठमाण्डौं। | GICL-BTI Himalayan Hydropower IPO | ०१०१०१०००७८३७ |
| २. | श्री माछापुच्छ्रे बैंक लि., लाजिम्पाट, काठमाण्डौं । | GICL-BTIHIMALAYAN HYDROPOWER IPO | ८३०१५२४३६२७२००१५ |
| ३. | श्री मुक्तिनाथ विकास बैंक लि., कमलादी, काठमाण्डौं । | GICL-BTIHIMALAYAN HYDROPOWER IPO | ०१३१०२००१८७१८३००००५ |
| ४. | श्री गरिमा विकास बैंक लि., लाजिम्पाट, काठमाण्डौं । | GICL-BTI Himalayan Hydropower IPO | ०४०००१००८८४८२८००००१ |

साथै आवश्यकता अनुसार निष्कासन बन्द भएको मितिले ३ (तीन) दिनभित्र बोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्कासनको लागि निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्कासनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था श्री बि अर्याल एण्ड एसोसिएट चार्टर्ड एकाउन्टेण्टस्का चार्टड एकाउन्टेण्ट श्री भोजन अर्यालले प्रमाणित गरेको छ । कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको छ ।

शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु व्यवसायिक संस्था ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौले तयार गरेको हो । यस शेयर निष्काशनका लागि निष्काशन तथा बिक्री प्रबन्धकमा ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल,काठमाण्डौलाई नियुक्त गरिएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरुः**सो नभएको

**ग.१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरणः**

यो परियोजना निर्माण गर्न संस्थापक शेयरधनीहरुको स्वः लगानी र बैंक तथा वित्तिय संस्थाहरुबाट ऋण प्राप्त गरि आयोजनका कामहरु सञ्चालन भैरहेको छ ।

| सि. नं. | बैंक तथा वित्तिय संस्थाको नाम | शुरुको कर्जा रकम | कर्जाको भुक्तानी अवधि | किस्ता भुक्तानीको तरिका | हालको व्याजदर | हाल सम्म भुक्तानी गरिएको कर्जा रकम | बाँकी कर्जा रकम |
|---|---|---|---|---|---|---|---|
| १. | ग्लोवल आइएमई बैंक लिमिटेड | १,६२,००,००,००० | १२ वर्ष | त्रैमासिक | ९.४९ प्रतिशत | ८,३४,२९,२९१ | १,५३,६५,७०,७०९ |
| | **जम्मा** | **१,६२,००,००,०००** | | | | | **१,५३,६५,७०,७०९** |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वाविवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाः**सो नभएको।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरणः** यस कम्पनीको आयोजना पिपिए हुँदा तत्काल कायम दरमा खरिद बिक्री गर्ने सम्झौता भएकोमा हाल कायम बिक्री दर कायम गरी पाउँ भन्ने समेतको विषयमा सर्वोच्च अदालतमा उत्प्रेषणको रिट नं. ०७४-WO-०८३३ बाट दर्ता गरेको हो । सो उपर प्रतिकुल आदेश भएमा पनि कम्पनिले पेश गरेको वित्तीय प्रक्षेपणमा कुनै नकारात्मक असर नपर्ने ।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने** : सो नभएको ।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौंका श्री नलिना श्रेष्ठ ०१-४५४५६४९ र निष्कासन कम्पनीका श्री जयराम न्यौपाने, ०१-४७९६६४१ मा सम्पर्क गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२० ऋणपत्र निष्कासन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण :**सो नभएको ।

**ग.२२ अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** सो नभएको ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण**

| सि.नं. | परिवर्तन भएको सञ्चालकको नाम | परिवर्तन भएको कारण | राजिनामा स्वीकृत/बहाल अवधि समाप्त भएको मिति |
|---|---|---|---|
| १. | प्रल्हाद कुमार खतिवडा | घरायसी कारण | २०७६/०५/१७ मा राजीनामा स्वीकृत भएको |
| २. | थमन राज अधिकारी | अवधि समाप्त भएको | २०७६/१२/०१ |
| ३. | रुद्र प्रसाद कुईकेल | अवधि समाप्त भएको | २०७६/१२/०१ |

**लेखापरीक्षक**

| सि.नं. | परिवर्तन भएको लेखापरीक्षकको नाम | परिवर्तन भएको कारण | राजिनामा स्वीकृत/बहाल अवधि समाप्त भएको मिति |
|---|---|---|---|
| १. | बि अर्याल एण्ड एसोसियत चार्टड एकाउन्टेण्टस् | अवधि समाप्त भएको | २०७५/०३/३१ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यताः**

| नाम/ ठेगाना | पद | योग्यता | अनुभव |
|---|---|---|---|
| कृष्ण प्रसाद भण्डारी, ७-कागेश्वरी, मनोहरा, काठमाण्डौ, | कम्पनी सचिव | एलएल एम (बाणिज्य कानुन) | अधिवक्ता विगत २६ बर्ष देखि, नोटरी पब्लिक (३०१), मेलमिलापकर्ता (४५५), सेन्ट्रल फाईनान्स लि.मा कानुनी सल्लाहकार । |

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको सञ्चालक समितिको मिति २०७५/११/०५ गते बसेको सञ्चालक समितिको बैठक तथा मिति २०७५/१२/१६ मा सम्पन्न भएको कम्पनीको विशेष साधारणसभाबाट सर्वसाधारणको लागि छुट्टाइएको प्रति कित्ता अंकित मूल्य रु.१००।– दरको २२,५०,००० कित्ता साधारण शेयरको सार्वजनिक निष्कासन गर्ने निर्णय भइसकेको छ । सो मध्ये रु.९,००,००,०००।– बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।– दरको ९,००,००० कित्ता साधारण शेयर कास्की जिल्लाको आयोजना प्रभावित क्षेत्र [मादी गाउँपालिका वडा नं. १ (साविक पार्चे गा.वि.स.का सम्पूर्ण वडाहरु), मादी गाउँपालिका वडा नं. २ (साविक नामार्जुन गा.वि.स.का सम्पूर्ण वडाहरु), मादी गाउँपालिका वडा नं. ३ र ४ (साविक थुमाकोडाँडा गा.वि.स.का सम्पूर्ण वडाहरु) र मादी गाउँपालिका वडा नं. ६ र ७ (साविक सिल्दुजुरे गा.वि.स.का सम्पूर्ण वडाहरु)] को लागि निष्काशन गरिएकोमा रु.२,८१,७५,०००।- (अक्षरेपी दुई करोड एकासी लाख पचहत्तर हजार) बराबर २,८१,७५० कित्ता शेयर मात्र बाँडफाँट भई ६,१८,२५० कित्ता शेयर बाँकी रहेकोले सर्वसाधारणमा निष्काशन गरिने १३,५०,००० कित्ता शेयरमा उक्त ६,१८,२५० कित्ता शेयर थप गरी जम्मा १९,६८,२५० कित्ता शेयर सर्वसाधारणको लागि निष्काशन गर्ने सम्बन्धमा कम्पनीको मिति २०७९/०२/२९ गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरेको छ ।

**(ङ)संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो नभएको

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, वडा नं.१०, बुद्धनगर, काठमाण्डौं ।

२. धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

**(छ) बोनस शेयर सम्बन्धीव्यवस्था :**

हाल सम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को अधिनमा रही बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्कासन गरिने ९,००,००० कित्ता शेयर कास्की जिल्लाको आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरिएकोमा रु.२,८१,७५,०००।- (अक्षरेपी दुई करोड एकासी लाख पचहत्तर हजार) बराबर २,८१,७५० कित्ता शेयर मात्र बाँडफाँट भई ६,१८,२५० कित्ता शेयर बाँकी रहेकोले सर्वसाधारणमा निष्काशन गरिने १३,५०,००० कित्ता शेयरमा उक्त ६,१८,२५० कित्ता शेयर थप गरी जम्मा १९,६८,२५० कित्ता शेयर मध्ये ५% अर्थात ९८,४१३ कित्ता शेयर सामुहिक लगानी कोषको लागि सुरक्षित गरिएको र २% अर्थात ३९,३६५ कित्ता शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाई बाँकी १८,३०,४७२ कित्ता शेयर सर्वसाधारणको लागि धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अधिनमा रही निष्कासन गरिएको छ । कर्मचारीको लागि छुट्टाईएको शेयर मध्य कर्मचारीबाट बढी माग भै

आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्नेछ । कर्मचारीको लागि छुट्टाईएको शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु समेत सर्वसाधारणमा बाँडफाँट गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्र कास्की जिल्लामा कम्तिमा १४ (चौध) संकलन केन्द्रहरुको व्यबस्था गरी आवदेन फारम तथा विवरणपत्र वितरण र आवेदन फारम सहित दरखास्त रकम बुझिलिने व्यवस्था गरिनेछ । आवश्यकता अनुसार स्वीकृति लिए पछि संकलन केन्द्रहरु थप गर्न सकिनेछ। साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्ने छ । यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरुबाट समेत आवेदन दिन सकिने व्यवस्था गरिएको छ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपालधितोपत्र बोर्डबाट अनुमतिप्राप्तक्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराइ **"[ICRANP-IR] B+ (pronounced ICRA NP Issuer Rating B Plus)"** प्रमाणपत्र प्राप्त गरेको छ । **"[ICRANP-IR] B+[1]"** ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम रहेको (High risk of default regardibg timely servicing of financial obligations)भन्ने बुझिन्छ। ईक्रा नेपाल लि.ल **ICRANP-IR AAA** देखि **ICRANP-IR D** सम्मको रेटिङ्ग प्रदानगर्दछ । जसमा रेटिङ्ग **"ICRANP-IR AAA"** ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँछ भन्ने **"ICRANP-IR D"** ले Default or are Expected to be in Default soon भन्ने जनाउँछ । यस कम्पनीलाई इस्युर रेटिङ्ग प्रदान गरेको मिति २०७८/१२/१७ (तदनुसार मार्च ३१, २०२२) र बहाल रहने अवधि २०७९/१२/१४ (तदनुसार मार्च २८, २०२३) रहेको छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण** :यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौ रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**

१) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफलता हासिल गरेको ।

२) कार्यकारी अध्यक्ष तथा प्रवर्धक जलविद्युत आयोजना क्षेत्रका रहेका हुँदा आयोजना निर्माण तथा स्थानिय लगानी परिचालनका सम्बन्धमा सकारात्मक पक्ष रहेको ।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढङ्गले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था** :नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारका कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ण) धितोपत्र दर्ता तथ निष्कासन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का व्यवस्थाहरु देहाय बमोजिम रहेको छः**

(१) **आफ्नो उद्देश्य अनुसार कारोवार सञ्चालन गर्नको लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको** : कम्पनीले मिति २०७४ साल वैशाख २८ गते नेपाल सरकार, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता प्रा.लि.बाट पब्लिक लिमिटेडमा परिणत भई आफ्नो उद्देश्य अनुसारको कारोवार सञ्चालन गरिरहेको छ ।

(२) **प्रचलित कानुन बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको :** मिति २०७७।९।२५ गते बसेको साधारण सभाको निर्णय अनुसार आ.व. २०७७/०७८ को लागि नियुक्त लेखापरीक्षक राजु बस्नेत एण्ड एसोसियट चार्टड एकाउन्टेण्टसले लेखापरीक्षण गरी प्रतिवेदन पेश भई सञ्चालक समितिबाट अनुमोदन भई सकेको छ । आ.व. २०७७/०७८ मा गर्न पर्ने साधारण सभा आयोजनामा बाढी पहिरोले भएको क्षति मर्मत गर्नको लागी समय लाग्न गएको साथै कोरोनाका कारण स्वास्थ्य जटिलता कारण ढीलो भएको हो । आ.व. २०७७/०७८ को साधारण सभा मिति २०७९ साल जेष्ठ दोश्रो हप्ता भित्र गर्ने योजना रहेको छ ।

(३) **आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति दिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमतिवा स्वीकृति लिइसकेको** :कम्पनीले नामार्जुन मादी जलविद्युत आयोजनाको लागि मिति २०६५/०१/०३ मा विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरी आयोजना निर्माण सम्पन्न गरेको छ ।

(४) **संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी पावरहाउस, कर्मचारी आवास घर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य सम्पन्न भइसकेको** :कम्पनीले नामार्जुन मादी जलविद्युत

आयोजनाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी पावर हाउस, कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक संरचनाहरु निर्माण सम्पन्न भइसकेको छ ।

(५) **उत्पादनको प्रविधि छनौट गरी आयोजनाको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गर्नुपर्ने सम्पूर्ण प्रक्रियापूरा भइसकेको** :कम्पनीले नामार्जुन मादी जलविद्युत आयोजनाको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गर्नुपर्ने सम्पूर्ण कार्य सम्पन्न भइसकेको ।

(६) **धितोपत्रको सार्वजनिक निष्कासन सम्वन्धमा निष्काशन तथा विक्री प्रबन्धकसँग सम्झौता भई सकेको** :कम्पनीले धितोपत्र निष्कासन गर्नका लागि साविक जनता क्यापिटल लि. लाई मिति २०७६/०२/२१ मा निष्कासन तथा बिक्री प्रबन्धकको रुपमा नियुक्त गरेकोमा उक्त क्यापिटललाई ग्लोबल आइएमई क्यापिटल लि.ले एक्वायर गरे पश्चात् जनता क्यापिटल लि.लिक्विडेसनमा गएकोले निष्कासन तथा बिक्री प्रबन्ध सम्बन्धी कार्य गर्नको लागि ग्लोबल आइएमई क्यापिटल लि.सँग पुन: मिति २०७७/०३/०७ मा सम्झौता गरी निष्कासन तथा बिक्री प्रबन्धकको रुपमा नियुक्त गरिसकिएको छ ।

(७) **आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको** :नामार्जुन मादी जलविद्युत आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा तोकिए बमोजिम राख्न सहमत छौं ।

(८) **संस्थापकहरुले लिन कवुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको** : संस्थापकहरुको आफूले लिन कवुल गरेको ८७,००,००० कित्ता शेयर प्रति शेयर अंकित मूल्य रु.१००।- दरले रु.८७,००,००,०००।- (अक्षरेपी सत्तासी करोड मात्र) शत प्रतिशत चुक्ता भईसकेको छ ।

(९) **परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको** :नामार्जुन मादी जलविद्युत आयोजनाको लागि श्री ग्लोबल आइएमई बैंक लिमिटेड (साविकको जनता बैंक नेपाल लिमिटेड) को अगुवाइमा मिति २३ डिसेम्बर २०१५ मा सहवित्तियकरण मार्फत फाइनान्सियल क्लोजर भइसकेको छ ।

(१०)**जलविद्युत उत्पादन संस्थाभएमा, विद्युतखरिद सम्झौता गरिसकेको** :नामार्जुन मादी जलविद्युत आयोजनाको शत प्रतिशत कार्य सम्पन्न भइसकेको र मिति २०७७/०६/१२ बाट ब्यापारिक उत्पादन शुरु भएको छ र श्री नेपाल विद्युत प्राधिकरणसंग मिति २०६६ साल भाद्र ३० गते विजुली खरीद विक्री सम्झौता सम्पन्न भैएको छ ।

(११)**सर्वसाधारणमा निष्कासन गर्न लागेको शेयरहरु धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको** :कम्पनीले सर्वसाधारणमा शेयर निष्काशन गर्नका लागि निर्देशिकामा तोकिए बमोजिम श्री सिभिल क्यापिटल मार्केट लिमिटेड तथा श्री सेन्चुरी क्यापिटल मार्केट्स लिमिटेडलाई मिति २०७६/०७/०३ मा प्रत्याभूति सम्बन्धी सम्झौता भएकोमा सो सम्झौताको म्याद समाप्त भएकोले पुन: मिति २०७९/०१/०२ बाट ६ महिना म्याद थप गरिएको छ ।

**(त) धितोपत्र बिक्री खुल्ला अवधि :**

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि निष्कासन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी दोस्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ता समेत आवेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडि शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

**ग.२३.** यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी अख्तियार प्राप्त अधिकारीको दस्तखत तथा कम्पनीको छाप लगाइ पेस गरिएको छाछौ ।

| सि.नं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | खोम बहादुर के.सी. | अध्यक्ष | |
| २. | शिव कृष्ण श्रेष्ठ | सञ्चालक | |
| ३. | मोनिका थापा | सञ्चालक | |
| ४ | सुकान्त अधिकारी | सञ्चालक | |

## ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

**Global IME Capital Limited**

ग्लोबल आइएमई क्यापिटल लिमिटेड

GROW WITH US

27738

Regd No. 1067/064/065

प.सं. : IM/६३३/२०७८/७९, चलानी नं.: १७७२

मिति : २०७८/०८/२१

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

बिषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,

बाग्मति अञ्चल, काठमाण्डौ जिल्ला वडा नं. १०, बुद्धनगर, काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको श्री हिमालयन हाईड्रोपावर लिमिटेडको प्राथमिक शेयर निष्कासन गर्न लागेको प्रति शेयर अंकित मूल्य रु.१००।– दरका २२,५०,००० (स्थानिय बासिन्दाहरुको लागि १०,९५,००० कित्ता तथा सर्वसाधारणमा ११,५५,००० कित्ता) कित्ता शेयर निष्कासन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मन्जुर गर्दछौं । प्राथमिक शेयर निष्कासन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार प्राथमिक शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्कासन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको "विवरण-पत्र" मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. कम्पनीले निष्कासन गर्न लागेको प्राथमिक शेयरका लागि आवेदन दिने आवेदकहरुलाई "विवरण-पत्र" तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा उल्लेखित सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

ग्लोबल आइएमई क्यापीटल लिमिटेडको तर्फबाट

नाम : पारस मणी ढकाल
पद: प्रमुख कार्यकारी अधिकृत
सही :

कार्यालयको छाप

श्री नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकर (निष्काशन तथा बिक्री प्रबन्ध, शेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभुति र लगानी व्यवस्थापन), निक्षेप सदस्य तथा योजना व्यवस्थापक र डिपोजिटरीको कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था

ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले रायदिएको भए सो सम्बन्धि पत्रः

B ARYAL & ASSOCIATES
Chartered Accountants

To the Chief Executive Officer
Himalayan Hydropower Limited
Kathmandu, Nepal

Subject: Certification of Projected Financial Statements

Dear Sir,
You have engaged us to carry out a review of the projected financial statements of Himalayan Hydropower Limited (the Company) comprising of Balance Sheet, Income Statement, Cash Flow Statement and Schedules for the period ended on Ashadh end 2074 to Ashadh 2105 as detailed out in '**Assumptions**'.

The accompanying projected financial statement, which comprises the balance sheet, income statement, cash flow statement and annexed schedules are derived from the

a. the audited balance sheet, audited income statement, audited cash flow statement and annexed schedules upto the period ended Ashadh end 2078.
b. the projected balance sheet, projected income statement, projected cash flow statement and annexed schedules for the period ended Ashadh end 2077 to Ashadh end 2105.

**Management's Responsibility**
Management is responsible for the preparation and fair presentation of financial statements in accordance with the Nepal Accounting Standards. This responsibility includes designing, implementing and maintaining internal control system relevant to the preparation and presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

**Objective of engagement**
Our engagement was undertaken in accordance with the Nepal Standards on Auditing or relevant practices applicable to agreed-upon procedures engagements and accordingly included such procedures that we considered necessary in the circumstances and included the following:
Our engagement was undertaken in accordance with:
- Terms of reference as specified
- Standards on Auditing on related service
- Code of Ethics for Professional Accountants issued by the Institute of Chartered Accountants of Nepal.

**Opinion**
In our opinion, the projected financial statements of Himalayan Hydropower Limited are prepared, in all material respects, in accordance with the assumptions and parameters set out on '***Assumptions***' and as per applicable Generally Accepted Accounting Principles.

For B Aryal & Associates
Chartered Accountants

B. Aryal & Associates Kathmandu Chartered Accountants

---------------------------
Bhojan Aryal; FCA
Proprietor
Date: 23 January, 2022
Place: Kathmandu
UDIN : 220124CA00685pMKkg